# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, भदौ २१ गते २०६१ साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषले आ. व. २०६१।६२ मा सेवा तथा सामाग्री प्राप्त गर्दा भुक्तानी गरेको मूल्य अभिवृद्धि कर फिर्ता गर्ने र कोषको बैंक खाताहरूमा आर्जन हुने ब्याज तथा लगानीको प्रतिफलसमेतमा आयकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषदसँग आबद्ध Medecins Sans Frontiers, France नामक संस्थालाई France बाट उपहार स्वरुप प्राप्त हुने युरो ४,५४४।८० मूल्य बराबरको औषधि उपकरणहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।